# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, कार्त्तिक १३ गते, २०८० साल (संख्या ३५

## भाग ३

### नेपाल सरकार

### सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

### सूचना-१

### <u>उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७९</u>

उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति (गठन) आदेश, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस आदेशको नाम "उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति (गठन) आदेश, २०५४ को दफा ३ मा संशोधनः** उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति (गठन) आदेश, २०५४ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को खण्ड (क), (ङ) र (च) को सट्टा देहायका खण्ड (क), (ङ) र (च) राखिएका छन्: -

"(क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री वा राज्य मन्त्री - अध्यक्ष

(ङ) सचिव, युवा तथा खेलकुद मन्त्रालय- सदस्य

(च) उपेक्षित, उत्पीडित र दलित वर्गका व्यक्तिहरुमध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारद्वारा मनोनित कम्तीमा तीन जना महिलासमेत सात जना - सदस्य”

३. **मूल आदेशको दफा ४ मा संशोधनः** मूल आदेशको दफा ४ को खण्ड (ख) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुका सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल आदेशको दफा ११ मा संशोधनः** मूल आदेशको दफा ११ को उपदफा (३) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

५. **रुपान्तरः** मूल आदेशको ठाउँ ठाउँमा रहेका “स्थानीय विकास मन्त्रालय” भन्ने शब्दहरुको सट्टा “सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय” भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना-२

## पिछडिएको समुदाय (अदर ब्याकवार्ड कम्युनिटी-ओवीसी) उत्थान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७९

पिछडिएको समुदाय उत्थान विकास समिति (गठन) आदेश, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "पिछडिएको समुदाय (अदर व्याकवार्ड कम्युनिटी-ओवीसी) उत्थान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **पिछडिएको समुदाय उत्थान विकास समिति (गठन) आदेश, २०६५ को दफा ३ मा संशोधनः** पिछडिएको समुदाय उत्थान विकास समिति (गठन) आदेश, २०६५ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को खण्ड (क) र (घ) को सट्टा देहायका खण्ड (क) र (घ) राखिएका छन्:-

"(क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री वा राज्य मन्त्री - अध्यक्ष

(घ) पिछडिएको समुदायको उत्थानमा योगदान पुऱ्याएका त्यस्तो समुदायका विशिष्ट व्यक्तिहरुमध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारद्वारा मनोनित कम्तीमा तीन जना महिलासमेत सात जना - सदस्य"



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल आदेशको दफा ४ मा संशोधनः** मूल आदेशको दफा ४ को खण्ड (ख) र (ङ) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल आदेशको अनुसूचीमा संशोधनः** मूल आदेशको अनुसूची -२ को खण्ड (ग) मा रहेका "सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

५. **रुपान्तरः** मूल आदेशको ठाउँ ठाउँमा रहेका "स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

## सूचना-३

## बादी समुदाय उत्थान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७९

बादी समुदाय उत्थान विकास समिति (गठन) आदेश, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "बादी समुदाय उत्थान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **बादी समुदाय उत्थान विकास समिति (गठन) आदेश, २०६८ को दफा ३ मा संशोधनः** बादी समुदाय उत्थान विकास समिति (गठन) आदेश, २०६८ (यसपछि "मूल आदेश" भनिएको) को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा ३ को उपदफा (२) को खण्ड (क) र (ङ) को सट्टा देहायका खण्ड (क) र (ङ) राखिएको छन्:-

"(क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री वा राज्य मन्त्री - अध्यक्ष

(ङ) सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य"

३. **<u>रुपान्तरः</u>** मूल आदेशको ठाउँ ठाउँमा रहेका "स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।